सङ्घीय संसद्
राष्ट्रिय सभा
एक्काइसौँ अधिवेशन
बैठक-५०
सूचनापत्र-२
(बैठकको काम कारबाहीको सङ्क्षिप्त विवरण)

बैठक प्रारम्भ : १:१९ बजे
बैठक स्थगित :३:०५ बजे

नेपाल सम्वत्:- ११४६ २०८३ असोज १२ गते सोमबार

सङ्घीय संसद्, राष्ट्रिय सभाको एक्काइसौँ अधिवेशनको पचासौँ बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१९ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **आकस्मिक समय**मा बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरेले असोज ८ गते देखि परेको अविरल वर्षाका कारण देशभर विपद्का घटना आइलागेको उल्लेख गर्दै मुख्यतः पाल्पा जिल्लाका विभिन्न स्थानीय तहका परेको प्रभाको विवरण जानकारी गराउँदै केलादी, हुँगी, राम्दी, मिर्मी-हर्मिचौर लगायतका पुलमा क्षति पुगेको बताउनुभयो। त्यसैगरी, बागलुङ् जिल्लामा वडा कार्यालयको भवन बगाएको, पाल्पाको रानी महल डुबानमा परेको, रामपुर, माँडी, अर्गली फाँटमा खेती नष्ट भएको जनाउँदै यस विपत्तिमा सम्पूर्ण सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सम्झना देवकोटाले चार दिनको अविरल वर्षाका कारण परेको प्रभावको चर्चा गर्दै सम्पर्क विहीन भएका पर्वतारोही एवम् प्रभावित नागरिकको खोजी तथा उद्धारमा केन्द्रित हुन सरकारलाई आग्रह गर्नुभयो। मर्स्याङ्दी नदी थुनिएर बनेको बाँधलाई सतर्कतापूर्वक फुटाएर नदीलाई सही वहावमा ल्याउन तथा प्रभावित संरचना, सडक तथा पुलहरुको निर्माणलाई छिटो पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य पुजा चौधरीले असोज ८ गते देखि ११ गते सम्म परेको अविरल वर्षाका कारण पुगेको क्षतिको विवरण उल्लेख गर्दै राष्ट्रिय सभामा मनसुनजन्य विपद् व्यवस्थापनमा सरकारको पूर्वतयारी सम्बन्धी ध्यानाकर्षण प्रस्ताव दर्ता गराएको एवम् पटक-पटक सचेत गराएको वताउनुभयो। विपद्मा परेकाको छिटो उद्धार, प्रभावकारी राहत वितरण, प्रभावित बालबालिकाको पठनपाठन, महङ्गी नियन्त्रण, पुनर्निर्माण, पुनस्थापना लगायत विषयमा ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो। अन्न भण्डारको रुपमा रहेको मधेश प्रदेश जलसङ्कट एवम् खाद्य सङ्कटले मरुभूमीकरण हुने जोखिम औँल्याउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि प्राप्त भएको नामावली अनुसार देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य घनश्याम रिजालले पूर्व प्रधान न्यायाधीश चोलेन्द्र समशेर ज.व.राको पक्राउ एवम् रिहाइप्रति प्रश्न उठाउँदै सरकार अधिनायकवादको बाटोतर्फ हिड्न खोजेको आरोप लगाउनुभयो।

माननीय सदस्य रुकमिणी कोइरालाले आधारभूत आवश्यकताका वस्तुमा भएको मूल्यवृद्धि, असुरक्षित सडकमार्ग, हत्यामा संलग्नलाई धरौटीमा छाडिएको लगायतका विषय उल्लेख गर्दै सरकारले सुशासन कायम गर्न नसकेको जिकिर गर्नुभयो।

माननीय सदस्य विष्णु देवी पुडासैनीले पूर्व प्रधान न्यायाधीश चोलेन्द्र समशेर ज.व.रालाई अकारण पुर्जी बीना पक्राउ गर्ने कार्य सुशासन एवम् प्रचलित कानून विरुद्धको कार्यको रुपमा व्यख्या गर्दै त्यस्तो कार्य नगर्न सरकारलाई सचेत गराउनुभयो।

माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले खाना पकाउने ग्याँसको अभावबाट सृजित समस्याको चित्रण गर्दै दैलेखको जलजलमा रहेको मिथेन ग्याँसको छिटो उत्खननका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। असोज ८ गते बाट भएको वर्षाले पारेको प्रभाव बारे चर्चा गर्दै भोटेकोशी बाढीबाट मृत्यु भएकाहरुको मृत्युदर्ताका लागि स्पष्ट कानूनी प्रबन्ध तथा किरिया खर्च, क्षतिपूर्ती, अस्थायी र स्थायी बसोबासको प्रबन्धका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीले असोज ८ गते बाट भएको वर्षाले पारेको प्रभाव बारे चर्चा गर्दै भोटेकोशी बाढीबाट मृत्यु भएकाहरुको मृत्युदर्ताका लागि स्पष्ट कानूनी प्रबन्ध तथा किरिया खर्च, क्षतिपूर्ती, अस्थायी र स्थायी बसोबासको प्रबन्धका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य सावित्री मल्लले भोटेकोशी बाडी तथा असोज ८ देखि ११ सम्म देशभर आएको बाढी, पहिरो, डुवान प्रति दुःख व्यक्त गर्दै उद्धार तथा राहतको व्यवस्था, प्रभावित संरचनाको पुननिर्माण, सहज आवतजावतको सुनिश्चितता एवम् उपभोग्य वस्तुको ढुवानीको व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **विशेष समयमा** बोल्नका लागि दलीय आधारमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

माननीय सदस्य आनन्द प्रसाद ढुंगानाले पूर्व प्रधान न्यायाधीश चोलेन्द्र समशेर ज.व.रा एवम् नेपाल सरकारका बहालवाला सचिव कृष्णहरी पुष्करलाई पक्राउ गरेका घटनाक्रम कानून बमोजिम नभएको उल्लेख गर्दै सरकार निरंकुशतातर्फ अगाडी बढेको उल्लेख गर्दै सरकारको जवाफ माग गर्नुभयो। राष्ट्रिय घटनाबारे सरकारले सदनलाई जानकारी गराउनुपर्ने, सङ्घीय संसद्मा गठित संसदीय विशेष समितिमा राष्ट्रिय सभा सदस्य समेत रहनुपर्ने जनाउँदै ३५ वर्षमा भएको विकासका गतिविधिमा भोटेकोशी बाढीले क्षति पुऱ्याएको बताउनुभयो। विगतका राजनीतिक घटना स्मरण गर्दै लोकतान्त्रिक प्रक्रिया एवम् विधिको शासन अनुरुप नागरिक विश्वास कायम गर्दै शासकीय गतिविधि सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य जयन्ती देवी राईले चार दिनको अविरल वर्षाले पारेको प्रभाव उल्लेख गर्दै खोजी, उद्धार, राहत वितरण, प्रभावितको व्यवस्थापनलाई छिटो छरितो तुल्याउन सम्पूर्ण राज्य संयन्त्र परिचालित हुनुपर्ने बताउनुभयो। पूर्व प्रधान न्यायाधीश चोलेन्द्र समशेर ज.व.राको पक्राउलाई गैरकानूनी कार्यको रुपमा उल्लेख गर्दै सरकार तानाशाही बाटोमा लागेको जनाउँदै निजामती कर्मचारी सम्बन्धी प्रस्तावित कानून अध्यादेशबाट ल्याउन नहुने उल्लेख गर्नुभयो। बढ्दो आत्महत्या एवम् आत्मदाहका घटना न्यूनीकरण गर्न सरकार गम्भिर हुनुपर्ने बताउनुभयो।

माननीय सदस्य मीनासिंह रखाललेे भोटेकोशी बाढीले पुऱ्याएको क्षतिको विवरण उल्लेख गर्दै कर्णाली प्रदेशमा सम्भावित जोखिमबारे चर्चा गर्नुभयो। नेपाल सरकारका मन्त्री एवम् जिम्मेवार पदाधिकारी

उत्तरदायी हुनुपर्ने, सुशासन कायम गर्न क्रियाशील रहनुपर्ने उल्लेख गर्दै ताप्लेजुङ तथा मुगु जिल्लामा भएका आगलागीका घटनाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य मोहम्मद खालिदले संविधानमा व्यवस्थित अधिकारमूखी संवैधानिक आयोगले प्रभावकारी कार्य सम्पादन गर्न नसकेको उल्लेख गर्दै रिक्त पदाधिकारीको पूर्ती, कानूनी, प्रशासनिक र कार्यगत अधिकार सुनिश्चितता, पर्याप्त बजेट, जनशक्ति र भौतिक स्रोतको प्रबन्ध, सिफारिसको प्रभावकारी कार्यान्वयन लगायतका विषय सम्बोधन गरी आयोगहरुको क्रियाशीलता बढाउनुपर्ने बताउनुभयो। संवैधानिक उपलब्धीहरुलाई संस्थागत गर्दै समावेशी राज्यको व्यवहारिक अनुभूति गराउनु राज्यको दायित्व रहने बताउनुभयो।

माननीय सदस्य चन्द्र बहादुर के.सी.ले पूर्व प्रधान न्यायाधीश चोलेन्द्र समशेर ज.व.राको गैरकानूनी गिरफ्तारी, असोज ८ गतेबाट शुरु भएको वर्षाले पारेका प्रभाव उल्लेख गर्दै प्रभावितको समुचित व्यवस्थापन, भोटेकोशी बाढीको यथार्थ विवरण प्रकाशन, कृष्णभिरको पहिरोको दीर्घकालिन समाधान हुनुपर्ने विषय उजागर गर्नुभयो। संवैधानिक निकायमा हस्तक्षेप नगर्न, कर्मचारीतन्त्रमा भएको वातावरण निर्माण नगर्न, विधिको शासन बमोजिम कार्य गर्न, जनआवाज एवम् लोकतान्त्रिक शैली अवलम्बन गर्न, राष्ट्रिय सभाप्रति उत्तरदायी हुन तथा सरकारमा रहेका पदाधिकारीलाई आफ्नो पदको मर्यादा आँफै कायम राख्न ध्यानाकर्षण गराउनुभयो।

माननीय सदस्य विष्णु बहादुर विश्वकर्माले असोज ८ गते देखि परेको अविरल वर्षाको प्रभाव उल्लेख गर्दै विपद् व्यवस्थापनमा सरकार क्रियाशील रहनुपर्ने जनाउनुभयो। जलवायू न्याय र क्षतिपूर्तीको सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय मञ्चमा गरिने सम्बोधन मात्र पर्याप्त नहुने भएकाले उपलब्धी हासिल गर्न थप गृहकार्य गर्न आवश्यक रहेको बताउनुभयो। महङ्गी नियन्त्रण, बजार अनुगमन एवम् सहज यातायात प्रणालीको व्यवस्थापन, पटक-पटक सर्वोच्च अदालमा भएको आगजानी, राहत सामाग्रीको पारदर्शी वितरण, स्थायी आवासीय अनुमति प्राप्त गरेका व्यक्तिलाई राजदूतमा सिफारिस, अमेरिकी पत्रिका ग्रे जोनमा प्रकाशित विवरण, वि.पि.कोइराला क्यान्सर अस्पताल समितिमा पशु चिकित्सकको नियुक्ति लगायतका सम्बन्धमा सरकारको स्पष्टिकरण माग गर्नुभयो।

माननीय सदस्य सोमनाथ पोर्तेलले असोज ८ देखि ११ गते सम्मको अविरल वर्षाले पारेको प्रभावबारे दुःख व्यक्त गर्दै खोजी, राहत वितरण र पुनःस्थापनाका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। सरकारको कार्यशैलीका कारण हजारौँ सुकुम्बासी विस्थापित भएको जनाउँदै व्यवस्थित पुनःस्थापनाको माग गर्नुभयो। पूर्वाधार विकास मन्त्रालयसँग सम्बन्धित लिखित प्रश्न साउन २८ मा दर्ता भएकोमा जवाफ प्राप्त नभएकाले सरकार उत्तरदायी हुनुपर्ने जनाउनुभयो। संयुक्त राष्ट्रसंघको महासभामा सम्माननीय प्रधानमन्त्रीले विश्व बुद्धको मार्गमा हिँडोस् भनि धारणा व्यक्त गरेपनि आँफै सो मार्गमा नरहेको उल्लेख गर्नुभयो। संसदीय पदाधिकारी तथा माननीय मन्त्रीका PSO र चालकलाई समान दैनिक भत्ता उपलब्ध गराउनुपर्ने उल्लेख गर्दै दैनिक उपभोग्य खाद्य वस्तुको मुल्य वृद्धि नियन्त्रण गर्नुपर्ने बताउनुभयो। पशुपतिनाथले हामी सबैको रक्षा गरुँन् भन्ने सम्माननीय प्रधानमन्त्रीको अभिव्यक्ति र २०८२ भदौ २५ गते पशुपतिनाथको मन्दिरमा गरिएको आक्रमण र आगजानी प्रयासको घटनाबीच तादत्म्यता नमिलेको जिकिर गर्नुभयो।

माननीय सदस्य भुवन बहादुर सुनारले नेपालमा मनसुनजन्य विपद्ले पारेका प्रभाव र क्षतिको विवरण उल्लेख गर्दै सरकार गठनको ६ महिना भइसक्दा समेत सरकारले गति लिन नसकेको जिकिर गर्नुभयो। सरकारले नागरिकमा आशा तथा भरोसा दिलाउन नसक्दा आत्महत्या एवम् आत्मदाहका घटना बढिरहेको,

महङ्गी नियन्त्रण गर्न नसकेको तथा विपद् प्रतिकार्यका गतिविधि व्यवस्थित हुन नसकेको जनाउनुभयो। सम्माननीय प्रधानमन्त्री वैदेशिक भ्रमणमा जानूपूर्व एवम् फर्केर आएपश्चात सदनलाई जानकारी नगराएको एवम् महत्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चलाई साइडलाइन भेटवार्ता मार्फत उपयोग गर्न नसकेको उल्लेख गर्नुभयो। सार्वजनिक पदाधिकारीले आफ्नो निर्दिष्ट जिम्मेवारी वहन गर्नुपर्ने जनाउँदै संसद्प्रति उत्तरदायी हुन सरकारको ध्यानाकर्षण गराउनुभयो।

तदुपरान्त, सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री सोविता गौतमले "राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन" पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८३ साल असोज १५ गते बिहीबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(पद्मप्रसाद पाण्डेय)
महासचिव